

# महिला यातायात मजदुरहरुको अधिकार र कोभिड-१९

## लैंगिक समानता भएको नयाँ सामान्य परिस्थितिका लागि यातायात मजदुरहरुको एकता

यातायात उद्योगमा एकदमै लैङ्गिक भेदभाव छ र अहिले कोभिड-१९ महामारीले गर्दा सबै यातायात मजदुरहरुलाई नराम्रोसंग असर परिरहेको सन्दर्भमा महिला यातायात मजदुरहरुलाई सटिक र थप असरहरु परिरहेका छन्।

यस संकटबाट उत्पन्न भएका चुनौतीहरुले विधामान विभेदहरुलाई अझ बढाउने सम्भावना छ भन्ने अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ)को मान्यता छ । यसबाट जोगिन यातायात उधोग लगायत रोजगारदाता, सरकार, लगानीकर्ता र युनियनहरुले लैङ्गिक उत्तरदायी अवधारणा अपनाई असमानताहरु पुनरुत्पादन, स्थायी वा तीव्र नहोस् भन्ने कुरा सुनिश्चित गर्न अत्यावश्यक छ ।

आईटीएफले कोभिड-१९ को प्रतिक्रिया र पुन: प्राप्तिमा महिला यातायात मजदुरहरुका लागि रोजगारदाता, सरकार र लगानीकर्ताहरुसँग प्रमुख मागहरु पहिचान गरेको छ:

१. सबै निर्णय गर्ने निकायहरुमा महिलाहरु
२. आय र समाजिक सुरक्षा
३. सरसफाई र उपयुक्त पिपिईमा पहुँच
४. सुरक्षित काम
५. नाफा भन्दा पहिला हेरचाह
६. महिला बिरुद्धको हिंसा र उत्पीडनको अन्त्य
७. महिला मजदुरहरुको फाईदाको लागि नयाँ प्रविधि
८. लैंगिक प्रभावको मुल्याङ्कन
९. लैंगिक उत्तरदायी आर्थिक प्रोत्साहन

यी प्राथमिकताका क्षेत्रहरुका बारेमा युनियनहरु, महिला सहभागिताका साथ र सबै सरोकारवालाहरुले आफ्नो पहुँचको प्रयोग गरि आपूर्ति श्रृंखलाहरुमा उहि उच्च स्तरका सुरक्षा सुनिश्चित गर्न छलफल गरिनुपर्छ।

महिला यातायात मजदुरहरु श्रमशक्तिको गर्व गरिने भाग हुन् जो विश्वव्यापी अर्थतन्त्रको आपूर्ति श्रृंखलालाई जोड्ने र विश्वलाई चलायमान बनाईराख्ने जीवनप्रवाह हो।

विश्व समुदायले यस महामारीको सामना गर्न लागिरहेको बेला उनीहरु चालक, कन्डक्टर, टिकेट बिक्रेता, बिमान परिचालक दल, बिमानचालकहरु, समुंद्रसेवामा लागेका र डक मजदुरहरु हुन् जसले महत्वपूर्ण सेवाहरु प्रदान गरिरहेका हुन्छन्। तर उनीहरु कम देखिने श्रमिकहरू पनि हुन् जसले यातायात प्रणालीहरुलाई चलाईराखेर महत्वपूर्ण कामहरू जस्तै मर्मत, सुरक्षा, सफाई, र प्रशासनका सेवाहरू दिईरहेका छन्।





**लैंगिक उत्तरदायी अवधारणा को माग गर्नाले सम्मानजनक कामको लागि संघर्ष गर्ने सबैलाई फाईदा हुन्छ।**

यातायात उद्योगको प्रकृतिमा हुने अलग-अलग ळैंगिकताका परिणाम स्वरूप, महिलाहरु यस महामारीमा संक्रमणको उच्च जोखिमको साथ ग्राहकलाई सामना गर्ने र सरसफाई गर्ने भूमिकाहरुमा अग्रस्थानमा केन्द्रित रहि काम गरिरहेका छन्। यसरी जोखिमपूर्ण परिस्थितिमा बढी काम गर्ने, पर्याप्त र उपयुक्त व्यक्तिगत सुरक्षात्मक उपकरण (पीपीई) को अभाव र असुरक्षित मजदुरहरुमा अधिकांश महिलाहरु नै हुने तथ्यलाई हेर्दा के देखिन्छ भने, महिला यातायात मजदुरहरुले नै असमान रुपमा यस कोरोना भाईरसको संकटको नकारात्मक प्रभाव भोग्नुपर्नेछ।

हामीले अहिले नै उल्लेखनीय मात्रामा महिला यातायात मजदुरहरु गम्भीर रूपमा प्रभावित भएको देखिसकेकाछौँ, विशेषगरी सार्वजनिक यातायात र क्रूज उद्योगमा काम गर्ने मजदुरहरू, उड्डयनमा र अनौपचारिक यातायात मजदुरहरू।

आईएलओ रेकोमेन्डेसन २०५ ले सबै संकट सम्बोधन गर्न लैङ्गिक दृष्टिकोण अपनाउन, लैङ्गिक समावेशी सामाजिक संवाद, र लैङ्गिक समानता र पुन बहालीको लागि सक्षम पार्न महिला र किशोरीहरूको सशक्तिकरणको माग गर्दछ।

महिलाहरू यस संकटको समयमा सुरक्षित छन् भनेर सुनिश्चित गर्ने र उनीहरूको अधिकारलाई सबल र सुदृढ बनाउने जिम्मेवारी ट्रेड युनियनहरूको रूपमा हाम्रो हो।

कोभिड-१९ पछि, हामी 'सामान्य' मा फर्कन सक्दैनौं जसको अर्थ धेरै महिला यातायात मजदुरहरुको लागि भनेको असुरक्षित रोजगारमा सामाजिक सुरुक्षा बिना काम गर्ने, नेतृत्व र निर्णयक तहमा कम प्रतिनिधित्व हुने, काम र घरमा हिंसाको सामना गर्नुपर्ने अनि अपमानजनक सरसफाईको व्यवस्था। यो सामान्य होईन।

यसको सट्टामा, हामी यस संकटबाट निस्कदैँ गर्दा 'लैंगिक समानता नयाँ सामान्य" बनाउने कुरालाई हामीले सुनिश्चित गर्ने अवसर छ जसले सबै मजदुरहरूको लागि राम्रो रोजगारीको ग्यारेन्टी दिन्छ।

## महिला यातायात मजदुरहरुको अधिकारहरु जोगाउन र सुधार्नका लागि प्राथमिक क्षेत्रहरु

### सबै निर्णय गर्ने निकायहरुमा महिलाहरु

महिला बिना निर्णय गर्ने निकायहरुले गरेको विश्लेषण, रणनीति र नीतिले महिलाहरूले सामना गर्ने समस्याहरूको पर्याप्त रुपमा सम्वोधन् गर्दैन।

आईटीएफले रोजगारदाताहरु र सरकारहरुलाई आवहान गर्छ कि:

- महिलाहरु सँधै सबै निर्णय गर्ने निकायहरुमा समावेश हुनेछन् भनि सुनिश्चित गर्ने।
- यूएन विमेन, आईएलओ, युनिसेफका नीति सल्लाह प्रक्रियाका प्रतिक्रियाहरुमा सिफारिस भए बमोजिम अनुगमन र सुचना संकलन सम्बन्धि सबै निर्णयहरुमा लैंगिक समानता सुनिश्चित गर्ने।.

### आय र सामाजिक सुरक्षा

आप्रवासी, अनिश्चित, अनौपचारिक कामदारहरू र रोजगारीका गैर-मानक प्रकारहरू (जस्तै अंशकालिक, आउटसोर्स, 'गिग' कामहरु) लगायत सबै महिला मजदुरहरुका लागि आय सुरक्षा आवश्यक छ।

रोजगारदाता र सरकारहरुले निम्न कुराहरु प्रदान गर्नुपर्छ:

- कोभिड-१९ले गर्दा आफ्नो जागिर गुमाएका वा अस्थाई रुपमा प्रभावित भएका सबै मजदुरहरुको लागि आय सुरक्षा दिने।
- संक्रमण, अलगाव वा परिवार वा शिशु हेरचाह गर्ने दायित्वहरुको कारण रोजगारीको गैर-मानक प्रकारहरूमा रहेका लगायत कोभिड-१९ द्वारा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभावित भएका कुनै पनि मजदुरलाई तलवी बिदा दिने।
- कमजोर र जोखिममा काम गर्नेहरू (र परिवारका सदस्यहरूलाई) लगायत गर्भवती मजदुरहरु र नयाँ आमाहरुको आयमा कुनै पनि ह्रास नहुने गरि कामको तालिकालाई समायोजन गरी संक्रमणबाट सुरक्षित बनाउने पर्याप्त उपायहरु दिने ।
- बेरोजगारी लाभ, राहत प्याकेजहरू, स्वास्थ्य बीमा र अनौपचारिक मजदुरहरु तथा रोजगारीको गैर-मानक प्रकारका मजदुरहरुलाई समावेश गर्ने अन्य सामाजिक सुरक्षाहरूको व्यापक कभरेज गर्ने।
- अन्तराष्ट्रीय समन्वय गरी शिघ्र विश्वव्यापी सामाजिक सुरक्षा कोष को स्थापना गर्ने जसले मध्यम आय भएका देशहरुको सामाजिक संरक्षण प्रणालीको लागि आंशिक समर्थन प्रदान गर्छ र २८ अति गरीब राष्ट्रहरूका लागि सामाजिक सुरक्षा सुनिश्चित गर्छ।





## सरसफाई र उपयुक्त पीपीईमा पहुँच

कोभिड-१९संग लड्नको लागि सरसफाईका सुविधाहरु, सफा शौचालयहरु, सेनिटाइजरहरू र सफा पिउने पानीमा पहुँच महत्वपूर्ण छ जुन यातायात मजदुरहरुको लागि पहिले देखिकै प्रमुख समस्या हो।

रोजगारदाता र सरकारले सुनिश्चित गर्नुपर्दछ:

- यातायात मजदुरहरूले प्राय प्रयोग गरिरहने धेरै सार्वजनिक ठाउँहरू अक्सर बन्द हुने कारणले जरीवाना/दण्डको डर बिना सरसफाईका सुविधाहरू र पर्याप्त बिश्राममा सुरक्षित पहुँच ।
- यातायात कामदारहरूको खास आवश्यकताहरू जस्तै महिनावारी, गर्भावस्था, अपाङ्गता, रजोनिवृत्ति र पूर्व अवस्थित स्वास्थ्य अवस्थालाई ध्यानमा राखी कडा र नियमित सफाई तथा सरसफाई प्रक्रियाहरू अपनाई समावेशी कार्यस्थलहरू हुनपर्ने।

महिलाहरूले रोगनिरोधी स्वास्थ्य र सुरक्षाका उपायहरूको विकास र कार्यान्वयनमा संलग्न हुनुपर्दछ र साथै:

- महिलाका शरिरलाई उपयुक्त हुने पीपीई र युनिफर्महरु।
- मास्क, पञ्जा, हात-सेनिटाइटरहरू र / वा पानी र साबुन लगायत सबै कामदारहरूको कामको लागि आवश्यक पीपीईको प्रावधान।
- संक्रमणको जोखिम कम गर्ने अनि लैंगिक समावेशी उत्तरदायी अवधारणाको साथ सामाजिक दूरीलाई कायम राख्न सहज बनाउने खालको काम गर्ने वातावरणहरु।

## सुरक्षित काम

अनिश्चित अनौपचारिक काम र रोजगारीको गैर-मानक प्रकारहरूमा अधिक प्रतिनिधित्व हुनु भनेको महिलाहरु कुनै पनि प्रकारको आय संरक्षण बिना जागिर गुमाउने र आमदानी गुमाउने जोखिममा बढी हुन्छन्। अनौपचारिक यातायात मजदुरहरूको स्वास्थ्य र अख्तियारवालाहरूबाट आउने परिणामको जोखिमको बाबजुद दैनिक ज्याला कमाउनको लागि काम जारी राख्नु बाहेक अर्को विकल्प छैन। धेरै देशहरूमा प्रवासी महिलाहरूको पनि लकडाउनको परिस्थितिमा कुनै काम हुँदैन। कडा सुरक्षा र रोजगारको संरक्षणको शर्तहरुको बारेमा युनियनहरुसँग वार्तालाप नगरी, धेरै महिलाहरुले आफूलाई उद्योगबाट बाहिर फालिएको पाउँछन्।

आईटीएफले रोजगारदाताहरु र सरकारलाई आवहान गर्दछ:

- आईएलओ सिफारिस २०४ अनुरूप श्रमिकहरूलाई अनौपचारिकबाट औपचारिक अर्थतन्त्रमा लैजानको लागि तत्काल सहजिकरण गर्न।
- आय संरक्षण, स्वास्थ्य सेवा लाभ र बिमारी, गर्भावस्था तथा हेरचाह जिम्मेवारी सहितको बिदामा **सबैको** पहुँच सुनिश्चित गर्नुपर्ने।
- महिला यातायात मजदुरहरूलाई उद्योगको नयाँ (औपचारिक) पेशामा पुन: शिप दिन।

## नाफा भन्दा पहिला हेरचाह

महिलाहरूले विशेष रूपमा र / वा असमानुपातिक रूपमा सामना गर्नुपर्ने यस संकटका धेरै पक्षहरू छन्, उदाहरणका लागि गर्भावस्था र मातृत्वका जोखिमका साथ साथै बिना तलब हेरचाहका जिम्मेवारीहरू।

आईटीएफले रोजगारदाताहरु र सरकारहरुलाई आवहान गर्दछ:

- आफ्नो आम्दानी र रोजगारलाई बचाई राख्न अझ नयाँ उपायहरु अपनाउन पर्ने साथ साथै हेरचाह गर्ने थप कामको भार महिलाहरू माथि रहेको कुरालाई पहिचान गर्न।
- गर्भवती महिला र सुत्केरीलाई थप संरक्षण प्रदान गर्न।
- प्रसूति बिदा लगायत रोजगार र नियमित आयका नियम र सर्तहरूलाई संरक्षण प्रदान गर्न।
- बिरामी बिदा र हेरचाह गर्नेहरुको लागि तलबी बिदा दिन।
- तालाबन्दीका कारण फसेका महिलाहरूका लागि सेनेटरीको व्यवस्था र गर्भनिरोधकहरूको उपलब्धि सुनिश्चित गर्न।

## महिला विरुद्ध हुने हिंसा र उत्पीडनको अन्त्य

संयुक्त राष्ट्र संघका अनुसार रिपोर्टिंग प्रणाली राम्रो भएका देशहरूमा यस महामारीको क्रममा महिलामाथिको हिंसा २५% भन्दा बढिले बढेको छ।

बेरोजगारी, वित्तीय तनाव र असुरक्षा वृद्धि भए सँगै महिला विरुद्ध हुने हिंसाको बढ्ने क्रम जारी रहनेछ। आम्दानी भएन भने महिलालाई दुरव्यवहारपूर्ण परिस्थितिहरुबाट उम्कन गाह्रो हुन्छ।

महिलाहरूले पृथक काम गर्ने वातावरणमा आफूलाई हिंसाको जोखिममा बढि पाउँछन्। ग्राहकलाई सामना गर्ने भूमिकामा काम गर्नेहरूले सर्वसाधारण मानिसहरुबाट हिंसाको बढदो जोखिमको सामना गरेका हुन्छन्। कामको अभावले यौन जबरजस्तीका जोखिमहरूलाई बढावा दिइरहेको छ विशेष गरी अनौपचारिक मजदुरहरू। पृथकीकरणले घरेलु हिंसा तथा हत्या र आत्महत्या सहित सम्भावित असरहरूलाई बढावा दिँदैछ। र आर्थिक अभावले गर्दा पिडित सहयोग सेवा र पहलहरूलाई प्रभाव पार्ने संभावना रहेको छ।

आईटीएफले रोजगारदाताहरु र सरकारहरुलाई आवहान गर्दछ:

- सुरक्षित यात्राका उपायहरू उपलब्ध गर्न।
- कामदार र यात्रुहरुका लागि सुरक्षाका उपायहरू र रिपोर्टिंग प्रोटोकलहरू लागू गर्न।
- आईएलओ हिंसा र उत्पीडन अधिवेशन, नम्बर १९० लाई अनुमोदन र कार्यान्वयन गर्न।
- लैंगिक हिंसा सम्बन्धि सेवाहरूलाई आवश्यक सेवाहरू भनि घोषणा गर्न।
- स्वास्थ्य अधिकारी, प्रहरी, अदालत र सामाजिक सेवाहरूका बिच एक समन्वित प्रक्रिया सुनिश्चित गर्न।
- कथन, कलंक र कम रिपोर्टिङ लगायतका लैंगिक हिंसा सम्बोधन गर्न जनचेतना अभियानहरू प्रायोजन गर्न।

- सहयोग सेवाहरूको बारेमा जानकारी उपलब्ध गर्न।
- बढ्दो माग सम्बोधन गर्न आवास गृह, हटलाइनहरू र परामर्श सेवाहरूमा वित्तीय सहयोग बढाउन।
- पिडकसँगै बस्नबाट जोगाउनको लागि वैकल्पिक आवासको उपलब्धता बढाउन।
- सम्बन्धित अधिकारीहरूलाई सतर्क गर्न र पिडितहरूलाई संरक्षण गर्न पहुँचयोग्य प्रणालीहरू लागू गर्न।

## महिला मजदुरहरुको फाइदाको लागि नयाँ प्रविधि

यातायातमा महिलाको रोजगारी डजिटिलाईजेसनको प्रभावले जोखमिमा पर्ने सम्भावना बढ्हिुन्छ।

रोजगारदाता र सरकारले निम्न कुराहरु सुनिश्चित गर्नुपर्छ:

- नयाँ प्रविधि, स्वचालन वा डिजिटलीकरण लगायतका कुनै पनि उपायहरु संकटको प्रतिक्रियाको रुपमा लागू गर्दा महिला मजदुरहरूलाई गाह्रो पार्ने नभई लाभदायक हुनुपर्दछ।
- यातायातका सबै नयाँ प्राविधिक विकासको परामर्शमा युनियनहरू प्रमुख सरोकारवालाको रूपमा समावेश हुनेछन्, जसमा लैङ्गिक प्रभाव मुल्याङ्कन पनि समावेश हुनुपर्दछ।

## लैंगिक प्रभाव मुल्याङ्कन

प्रभावकारी र न्यायसंगत नीति र हस्तक्षेपहरू बनाउनको लागि कोविड-१९ ले कसरी महिला र पुरुषलाई अलग-अलग तरीकाले प्रभाव पारिरहेको छ भनेर बुझन अति आवश्यक छ। यसले महिलाहरुको लागि मात्र नभई अरु सबैको लागि पनि राम्रो परिणाम दिनेछ।

सम्झौता करार र आप्रवासी स्थिति, जाति र अशक्तता जस्ता अन्तर्निहित पक्षहरूलाई ध्यानमा राख्दै कोविड -१९ को आर्थिक र सामाजिक प्रभावहरूका बारेमा लैंगिक-उत्तरदायी अनुसन्धान गर्नु महत्वपूर्ण छ। संक्रमण, आर्थिक प्रभाव, हेरचाहको भार र यौन हिंसा र दुर्व्यवहारको घटनाहरूको बढदो दर सहितको लैंगिक-विभेदित तथ्याङ्क प्राप्त गर्नु महत्वपूर्ण छ। महिला-यातायात मजदुरहरूको आवश्यकता पूरा गर्न नीति, रणनीति र उपायहरु प्रमाणमा आधारित छन् भन्ने कुरा सुनिश्चित गर्न जरुरी छ।

## लैंगिक-उत्तरदायी आर्थिक प्रोत्साहन

प्रोत्साहन प्याकेजहरूले निम्न कुराहरु समावेश गर्नुपर्दछ:

- परियोजना र ऋण कार्यक्रमहरुमा संकट वा पुन: प्रयोजन कोषको लागि लैंगिक प्रभाव मुल्याङ्कन र लैंगिक प्रोत्साहन मापदण्डहरू सामाजिक संवाद मार्फत तयार गरिएको हुनुपर्दछ।
- ऋण राहत दिई स्वास्थ्य, शिक्षा, कम कार्बन पूर्वाधारका सार्वजनिक खर्चलाई प्रतिबन्ध गर्नको सट्टा बृद्धि गर्नुपर्दछ ।
- सुरक्षित र सभ्य रोजगारी, समतामुलक पहुँच र लैंगिक समानता प्राप्त गर्न सामाजिक सुरक्षाहरू उपलव्ध गर्नुपर्दछ।

## थप जानकारीको लागि, सम्पर्क:

women@itf.org.uk
#ITFWomen
#GenderEqualNewNormal
#ThisIsOurWorldToo





women
transporting the world